पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
फोन नं. ५२११०४
फ्याक्स नं. ५२०६००
इमेल:info@pokharamun.gov.np
वेभसाइट: pokharamun.gov.np

पत्र संख्या: ०७७/०७८
चलानी नं. २१|सहकारी

## महामारीमा सहकारी संस्थाको वार्षिक साधारण सभा सञ्चालन सम्वन्धी मार्गनिर्देशन २०७७

हाल विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिइरहेको कोरोना भाईरसका कारण नेपाल सरकारले जारी गरेको निषेधाज्ञाको परिस्थितिमा सहकारी संघ संस्थाको वार्षिक साधारण सभा विगतका वर्षहरुमा झैं व्यापक सदस्यहरुको सहभागितामा भौतिक रुपमा सञ्चालन गर्न असम्भव हुने देखिएकोले संघीय सहकारी ऐन २०७४, नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७५, नियमावली २०७६ तथा पोखरा महानगर सहकारी ऐन २०७५ तथा नियमावली २०७६, साधारण सभा कार्यव्यवस्था निर्देशिका २०७६ को मूल आशय र भावनाको कदर गर्दै सहकारी विभागले मिति २०७७ आश्विन १ गते जारी गरेको सूचना समेतलाई आधार मान्दै पोखरा महानगरपालिका कार्यक्षेत्र भएका सहकारी संस्थाहरुको लागि यस वर्षको वार्षिक साधारण सभा सम्पन्न गर्न तपसिल बमोजिमको मार्गनिर्देशन जारी गरिएको सम्वन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

१) २०७७ आश्विन मशान्तभित्र वार्षिक लेखापरिक्षण सम्पन्न गरिसक्नु पर्नेछ भने वार्षिक साधारण सभा २०७७ पौष मशान्त सम्म सम्पन्न गर्नुपर्नेछ ।

२) समयमा नै सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको बैठक बसी वार्षिक साधारण सभाको मिति, स्थान र समय तोक्ने, वार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट समेतको वार्षिक प्रतिवेदन तयार गर्ने ।

३) तयार भएको वार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन र साधारण सभाको तालिका संस्थाको वेभसाईट, सामाजिक सञ्जालमा अपलोड गर्ने । संस्थाको वेभसाईट नभएमा नियमनकारी निकायको स्वीकृतिमा संचार माध्यमको प्रयोग गरि वार्षिक प्रतिवेदन प्राप्त गर्ने स्थान र साधारण सभाको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

४) सञ्चालक समितिले पारित गरि तयार गरेको वार्षिक प्रतिवेदन वार्षिक साधारण सभा बस्ने कम्तिमा १५ दिन अगावै वा सम्वन्धित सहकारी संस्थाको विनियममा तोकिएको समय अगावै सबै शेयर सदस्यले प्राप्त गरे वा नगरेको बारेमा टेलिफोन, ईमल, एसएमएस लगायतको माध्यमबाट सुनिश्चित गर्ने र सोको अभिलेख राख्ने ।

५) सदस्यहरुलाई वार्षिक प्रतिवेदन पठाउँदा नै प्रतिवेदन माथिको सुझाब वा संसोधन समेत भए सोसहित साधारण सभा अगावै संस्थामा उपलब्ध हुने गरि पठाउन आव्हान गर्ने र सो समेत वार्षिक प्रतिवेदन पारित गराउँदा समावेश गर्ने ।

६) साधारण सभा कार्यक्रम विद्युतीय माध्यमबाट (अभौतिक रुपमा) सञ्चालन गर्न सकिनेछ । गणपुरक संख्याको हकमा भने १५ दिन वा विनियममा तोकिएको समयभित्र सदस्यहरुलाई प्रतिवेदन वितरण गर्दा गरिएको हस्ताक्षर अनुरुप तत्काल कायम सदस्यको ५१ प्रतिशत पुग्नुपर्दछ । सम्भव भएसम्म साधारण सभा सञ्चालन अवधिभरिको सबै गतिविधीहरु सामाजिक सञ्जाल वा स्थानीय सञ्चार माध्यमबाट प्रत्यक्ष प्रशारण गर्ने व्यवस्था मिलाउनुपर्नेछ साथै विधुतीय माध्यमबाट गरिने साधारणसभाको सम्पूर्ण रेकर्डिङ्ग नियमनकारी निकायमा साधारण सभा सम्पन्न भएको १५ दिनभित्र पेश गर्नुपर्नेछ ।

७) साधारण सभा विधुतीय माध्यमबाट गर्न नसक्ने सहकारी संस्थाहरुले सदस्य संख्या, सदस्यको फैलावट तथा कार्यक्षेत्र समेतको बिचार गरि बढीमा १५ दिनसम्म वा संस्थाको स्वीकृत विनियममा तोकिएको समयावधि सम्म साधारण सभा सञ्चालन अवधि कायम राखी उपस्थिति पुस्तिका खुल्ला राख्न सकिने र सदस्यहरुलाई १५ दिनभित्र हस्ताक्षर गर्न उपस्थित हुने समय र स्थानको जानकारी अग्रिम गराउने, साथै निर्णय पुस्तिकामा हस्ताक्षर गर्न छानिएका प्रतिनिधीहरुलाई साधारण सभा हुने दिनमा हस्ताक्षर गराउने र नियामक निकायबाट समेत प्रमाणित गराउने ।

८) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधीहरुको चयन कार्यक्रमको दिनमा नै गर्ने ।

९) सदस्यहरुको सुझाव तथा जिज्ञासाहरुको उत्तर समेत समेटि निर्णय पुस्तिका तयार गर्ने ।

१०) साधारण सभामा उपस्थित हुने सदस्यहरुको उपस्थितिको अभिलेखको आधारमा कानून बमोजिमको गणपुरक संख्या पूरा भएमा मात्र साधारण सभाले बैधानिकता पाउनेछ ।

११) दुई हजार भन्दा बढी सदस्य संख्या भएको सहकारी संस्थाहरुले क्षेत्रगत वा एकाईगत रुपमा सदस्य सहभागिता गराउने सहकारीले समेत माथिको बुँदाहरु पालना गर्ने ।

१२) निर्वाचन गर्नुपर्ने सहकारी संस्थाहरुले समेत समयमा नै निर्वाचन उपसमिति गठन गरि स्वीकृत निर्वाचन निर्देशिकाको आधारमा सोहि १५ दिनको अवधिभित्र उपयुक्त विधि मार्फत निर्वाचन कार्यक्रम सम्पन्न गर्ने ।

१३) साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्ने गरि चुनिएका प्रतिनिधीहरुले सबै एकाईका जम्मा मत संख्यालाई आधार लिई बहुमतको प्रस्ताव पारित हुनेगरि निर्णय प्रमाणित गर्ने ।

१४) कार्यक्रम अवधिभर नेपाल सरकारले जारी गरेको स्वास्थ्य तथा सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

१५) अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । यो व्यवस्था नेपाल सरकारले भेला जमघटमा निषेधाज्ञा तोकेको अवस्था, सदस्यहरु भेला हुन बन्चित भएको समयको लागि मात्र हुने र नेपाल सरकारले निषेधाज्ञा हटाएमा भने प्रचलित कानूनी प्रावधान अनुरुप नै साधारण सभा गर्नुपर्नेछ ।

अनिल कार्की अनिल कार्की

दर्ता अधिकारी दर्ता अधिकारी

सहकारी शाखा